// # नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक १६ गते २०५७ साल (अतिरिक्ताङ्क ४०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरवारको सूचना १

माननीय अर्थ र रक्षा मन्त्री श्री महेश आचार्य शाही नेपाल वायुसेवा निगमको काठमाडौं बैङ्गलोर उडानको समुद्घाटन कार्यक्रममा भाग लिदै २०५७ साल कात्तिक १६ गते भारतको बैङ्गलोरतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ र रक्षा मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री डा. श्री रामवरण यादवले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री तारणीदत्त चटौत शाही नेपाल वायुसेवा निगमको काठमाण्डौ बैङ्गलोर उडानको समुद्घाटन कार्यक्रममा भाग लिदै २०५७ साल कात्तिक १६ गते भारतको बैङ्गलोरतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रामकृष्ण ताम्राकारले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।